श्री

# बैतडी जिल्ला अदालत

बैतडी ।

## मौजुदा सूचीमा सूचीकृत हुने बारेको सूचना

सूचना प्रकाशित मितिः- २०७९/०४/१०

यस अदालतलाई आर्थिक वर्ष २०७९/८० का लागि तपसिल बमोजिमका मालसामान, निर्माण कार्य, परामर्श सेवा तथा अ सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरूबाट सार्वजनिक खरिद नियमावली, २०६४ नियम १८ अनुसार मौजुदा सूचीमा सूचीकृत हुनको लागि निम्न लिखित कागजातहरू निवेदनसाथ संलग्न गरी यस कार्यालय भण्डार शाखामा सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २(क) बमोजिमको ढाँचामा(ढाँचा यसैसाथ संलग्न निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

क) मालसामान खरिद तर्फ

१. स्टेशनरी तथा मसलन्द सामग्री

२. फर्निचर, फिक्चर्स तथा फर्निसिङ्ग

३. छपाई सम्बन्धी कार्य

४. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, स्क्यानर, युपीएस, प्रोजेक्टर, क्यामेरा लगायतका मेसिनरी औजार तथा सोसँग सम्बन्धित पाटपूर्जाहरू

५. रंगरोगन सम्बन्धी सामग्रीहरू

६. पत्रपत्रिका तथा पुस्तक

७. विद्युतीय सामग्री तथा उपकरण

८. पिउने पानी (बोतल, जार, ट्यांकर)

९. मास्क, सेनिटाइजर लगायतका औषधीजन्य सामग्रीहरू

ख) निर्माण कार्य तथा अन्य सेवा खरिद तर्फ

१. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, स्क्यानर, युपीएस, प्रोजेक्टर, क्यामेरा, फर्निचर मर्मत

२. सवारी साधन मर्मत

३. धारा तथा बाथरूम मर्मत

४.विद्युतीय सामग्री तथा उपकरणको मर्मत

५. सरसफाई सम्बन्धी कार्य

निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू

१. संस्था वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी

२. व्यवसाय दर्ता इजाजतपत्रको प्रतिलिपी

३. स्थायी लेखा नम्बर वा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपी

४. आ.व. २०७८/०७८ को कर चुक्त प्रमाणपत्रको प्रतिलिपी वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्ने म्याद थप भएको निस्सा वा प्रमाण

५. खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको लिखित स्वघोषणा पत्र।

मितिः-

श्री कार्यालय प्रमुखज्यू,
बैतडी जिल्ला अदालत, बैतडी।

विषयः- मौजुदा सूचीमा दर्ता गरिपाउँ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम १ बमोजिम तपसिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याईं गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु।

तपसिल

१) मौजुदा सूचीको लागि निवेदन दिनर् व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माणव्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण

| | |
|---|---|
| नामः- | ठेगानाः- |
| पत्राचार गर्ने ठेगानाः- | मुख्य व्यक्तिको नामः- |
| टेलिफोन नं. | मोबाइल नं. |

२) मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला।

क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र

ख) नवीकरण गरिएको

ग) स्थायी लेखा नम्बर वा मू.अ.क. दर्ता प्रमाणपत्र

घ) कर चुक्त प्रमाणपत्र

ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजतपत्र आवश्यक पर्ने भएमा सोको प्रतिलिपी

३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण

क) मालसामान आपूर्तिः (मालसामानको प्रकृति उल्लेख गर्ने)

ख) निर्माण कार्यः

ग) परामर्श सेवाः (सेवाको प्रकृति समेत उल्लेख गर्ने)

घ) अन्य सेवाः (सेवाको प्रकृति समेत उल्लेख गर्ने)

| निवेदन दिएको मिति | फर्मको छाप | निवेदकको हस्ताक्षर |
|---|---|---|
| | | |